श्री ........................................

कृषक समूह

गुल्मीदरबार गाउँपालिका वडा नं. .... ................. ,
गौडाकोट गुल्मीको विधान–२०७७

# श्री ..................................... उत्पादन कृषक समूह
# गुल्मीदरबार गाउँपालिका वडा नं. .... ..................., गुल्मीको विधान–२०७७

**प्रस्तावना**

कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व बढाउन, उत्पादित सामाग्रीको भण्डारण तथा बजार व्यवस्थापन गर्न उन्नत विउ एवं उत्पादन सामाग्री उपलब्ध सुलभ बनाई आत्म निर्भर हुनकोलागि श्री ............................................ उत्पादन कृषक समूह गुल्मीदरबार गाउँपालिका वडा नं. .... ................, गुल्मी गुल्मीदरबार गाउँपालिकाको संस्था दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७७ को अधिनमा रही यो विधानको तर्जुमा गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१.१. संक्षिप्त नाम र प्रारम्भः

क) यस विधानको नाम, श्री .......................... उत्पादन कृषक समूह गुल्मीदरबार गाउँपालिका वडा नं. ..... .............., गुल्मी रहने छ ।

ख) यो विधान गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, गुल्मीमा दर्ता भएपछि तुरुन्त लागू हुनेछ ।

१.२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा,

क) “समूह” भन्नाले यस विधानमा उल्लेखित कृषि कार्यद्वारा कृषि उपजको उत्पादकत्व बढाई आयआर्जन बढाउन इन्छुक कृषकहरुको समूहलाई जनाउने छ ।

ख) “सदस्य” भन्नाले श्री ..................................... उत्पादन कृषक समूह गुल्मीदरबार गाउँपालकि वडा नं. ... .............., गुल्मीको उद्देश्य अनुसार उत्पादन र उत्पादकत्व बढाउन विधानको दफा ७ बमोजिम सदस्यता लिएको कृषकलाई जनाउदछ ।

ग) “कार्य समिती” भन्नाले विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सह–सचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई जनाउने छ ।

घ) “साधारण सभा” भन्नाले यस विधानको दफा १० बमोजिम गठित सभालाई जनाउने छ ।

३. समूहको छाप : अनुसूची ३ मा उल्लेख भए अनुसार हुनेछ ।

४. यस समूहको कार्यालयः–

समूहको कार्यालय गुल्मी जिल्ला गुल्मीदरबार गाउँपालिका वडा नं. ..... ...........मा रहने छ ।

## परिच्छेद २
## (उद्देश्य र कार्य)

५. क) उद्देश्यः

क) सदस्यहरुको सामाजिक, आर्थिक र व्यवसायिक हितलाई ध्यानमा राखी देहायका उल्लेखित समूहको उद्देश्य हुने छन् ।

१.१. कृषि व्यवसायलाई आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व बृद्दि गरी आर्थिक र सामाजिक जिवनस्तर उठाउने ।

१.२. सदस्यहरुमा स्वावलम्बन, पारस्परिक सहयोग र मितव्ययीताको भावना श्रृजना गरी बचत गर्ने वानीको विकास गर्ने ।

१.३. समूह सदस्यहरुले आफूहरुको आयआर्जन विस्तारमा .................... खेतीलाई बढी प्राथमिकता दिने ।

१.४. मौरीपालन, खाद्यान्न, तरकारी, फूल, फलफूल उत्पादन, खाद्यान्न तथा तरकारी वालीको बिजबृद्दि एवं श्रोत विकास गर्ने ।

१.५. उत्पादित वस्तुहरुको मूल्यमा एक रुपता ल्याई समूहबाट उचित भण्डारण, प्रशोधन र बजार व्यवस्थापन गर्ने एवं बजारीकरण सुविधाकालागि जग्गाको व्यवस्था गरी कृषि उपज संकलन केन्द्र भवन निर्माण गर्ने ।

१.६. समूह सदस्यहरुको कृषि तथ्यांक संकलन गरी सरोकारवाला निकायलाई उपलब्ध गराउने गर्ने ।

१.७. कृषिसंग सम्बन्धित अन्य समूह/सहकारी, वित्तिय संघ/संस्थासंग समन्वय कायम गरी सूचना आदानप्रदान गर्ने ।

१.८. कृषि व्यवसायमा आइपरेका समस्याहरु गाउँपालिका, कृषि ज्ञान केन्द्र, अनुसन्धान केन्द्र तथा सरोकारवाला निकायमा सम्पर्क गरी समाधानको प्रयास गर्ने ।

१.९. खेती विकास योजना तयार गर्न एवं पकेट प्याकेज तथा सघन कृषि विकासकार्यक्रमलाई सहयोग पुऱ्याउने ।

१.१०. वार्षिक कार्ययोजना बनाइ लागु गर्ने ।

१.११. संकलित बचत उचित ढंगले परिचालन गर्ने एवं समूह वा सदस्यलाई आवश्यक ऋण उपलब्ध गराउने

१.१२. समूहको निर्णय अनुसार व्यावसायिक कृषि विकासकालागि रचनात्मक अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ३
## सदस्यता

एकै उद्देश्य एवं समान सोंच भएको तथा यस समूहको विधानको परिधिभित्र रहने इच्छा भएको व्यक्तिलाई यस समूहको सदस्यता प्रदान गर्न सकिने छ । तर सदस्य हुन चाहने व्यक्तिले कम्तिमा समुहका १० प्रतिशत सदस्यहरुको लिखित सिफारिसकासाथ निर्धारित ढाँचामा दरखास्त दिनु पर्ने छ ।

### ६. सदस्यको लागी योग्यता

क) नेपाली नागरिक भई आफैं खेतीपाती गर्ने कृषक ।

ग) समूहको उद्देश्य अनुरुप कार्यगर्न इच्छुक तर समान उद्देश्यको अर्को समूहमा आफू वा एकाघरको अर्को सदस्य नरहेको ।

ग) कृषक कृषक बिच आपसी सहयोग बढाउन इच्छुक र समूहको विधान अनुसार कार्य गर्न मञ्जुर भएको ।

घ) कम्तिमा १८ बर्ष उमेर पुगी कृषि कार्यमा सकृय रहेको ।

ङ) लक्षित वाली कम्तिमा ......... क्षेत्रफल (आफ्नो वा भाडा आदि) मा लगाएको हुनु पर्ने छ

### ७. साधारण सदस्य

साधारण सदस्यको निवेदन दिई कार्यसमितिको निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्ने छ ।

**८. सदस्यता शुल्कः**

प्रत्येक सदस्यले सदस्यता शुल्क वापत रु. ……….।– (पछि फीर्ता नहुने गरी) बुझाउनु पर्ने छ ।

**९. सदस्यता कायम नरहने अवस्था**

कार्य समितिले निम्न अवस्थामा सदस्यहरुलाई सदस्यताकोलागि अयोग्य ठहऱ्याई सदस्यता समाप्त गर्न सक्ने छ ।

क) तोकिएको मासिक बचत तथा अन्य तिर्नु पर्ने रकम ३ महीना सम्म नतिरेमा

ख) विधानको उद्देश्य विपरित कार्य गरेमा वा समूहको रकम वा कागजात हिनामिना गरेमा वा समूहको संचालन र प्रगतिमा हानी हुने कूनै किसिमको कार्य गरेका कारणले कार्य समितिले निश्काशन गरेमा ।

ग) पागल भएमा (कानुनी रुपमा बहुलाहा वा असन्तुलित मस्तिस्क भएको प्रमाणित भएमा)

घ) सदस्यताबाट राजीनामा दिएमा, सदस्य बन्न नचाहेर लिखित निवेदन दिई कार्य समितिले सदर सिफारिस गरेमा ।

ङ) आपराधिक कार्यमा संलग्न भएको दोष अदालतबाट प्रमाणित भएमा ।

च) कृषि पेशा त्यागी अन्य कार्य गर्न थालेमा ।

छ) मृत्यू भएमा

## परिच्छेद ४

## साधारण सभा तथा कार्य समिति

**१०. साधारण सभा गठन विधिः**

यस समूहको सदस्यता प्राप्त सम्पूर्ण सदस्य साधारण सभाको सदस्य हुने छन् जुन समूहको उच्चतम निकाय हुने छ । यसले विधान पारित एवं संसोधन गर्न सक्ने छ । साधारण सभा वर्षमा १ पटक र साधारणतया असार महीनामा बस्ने छ । तर आवश्यकता अनुसार जुनसुकै बेला साधारण सभा बोलाउन सकिने छ ।

**११. साधारण सभाको अधिवेशन**

कार्यसमितिले तोकेको मिति र समयमा यस समूहको सचिवले अध्यक्षको परामर्श लिई लिखित सूचनाद्दारा सम्पूर्ण सदस्यहरुलाई साधारण सभाको स्थान, समय, मिति र एजेण्डाको जानकारी गराउनु पर्ने छ ।

**१२. साधारण सभाको काम कर्तव्य र अधिकार**

क) कार्य समितिको निर्वाचन गर्ने तथा गठन गर्ने

ख) विधान संसोधन गर्ने

ग) वार्षिक बजेटको अनुमोदन गर्ने

घ) आवश्यक नीति निर्देशन तय गर्न कार्यसमितिको मूल्याङ्कन गर्ने

ङ) समूहको वार्षिक कार्यक्रम स्वीकृत गर्ने

च) समूहको वार्षिक कार्य योजना गराउने ।

छ) कार्यसमिति तथा साधारण सभाका सदस्यहरुद्दारा प्रस्तावित कुनै पनि कार्यहरुको योजना माथि निर्णय दिने

ज) समूहले कार्य योजना बनाउदा कम्तीमा पनि ६० प्रतिशत आयमूलक व्यवसायिक कृषि व्यवसायमा आधारित कार्यक्रम बनाउने,

झ) गुल्मीदरबार गाउँपालिकामा वार्षिक रुपमा समूहलाई नविकरण गराउने ।

**१३. साधारण सभाको कोरमः**

समूहको साधारण सभाको बैठकमा कम्तीमा पनि ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा हुने छ । यदि सो नभएमा फेरी ३ दिन भित्र अर्को सभा बोलाउनु पर्ने छ । यसमा कूल साधारण सदस्यको २५ प्रतिशत उपस्थित भएमा पनि यो सभाको कोरम पुगेको मानी बैठक बस्ने छ ।

**१४. कार्य समिति गठन विधी**

क) समूहमा अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र एकजना सदस्य गरी ५ जनाको कार्य समिति हुने छ

ख) कार्य समितिमा बहुमतका आधारमा चयन गरिएका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष र सदस्य रहनेछन् ।

ग) कार्य समितिको पदाधिकारीहरुको कार्य अवधि ...... बर्षको हुनेछ ।

घ) कार्य समितिको साधारण सदस्य बाहेकको अन्य पद खाली भएमा साधारण सदस्य मध्येबाट कसैलाई पनि सो पदमा बहुमतबाट मनोनित गर्न सकिने छ ।

ङ) कार्य समितिको कोरम दुई तिहाइलाई मानिने छ तथा निर्णय बहुमतद्धारा हुनेछ ।

**१५. कार्य समितिको काम, कर्तव्य र अधिकार**

क) विधानको परिधि भित्र रही समूहको उद्देश्य अनुरुप साधारण सभाले गरेको नीति निर्देशनलाई पालन गर्ने ।

ख) समूहको वार्षिक कार्यक्रम बनाउने तथा समूहको क्रियाकलापहरु सञ्चालन गर्ने ।

ग) सहकारी तथा गैर सरकारी संस्थाहरुसंग सम्पर्क बृद्धि गर्ने, कृषि सम्बन्धी अन्य संघ संस्थाहरु संग सम्पर्क गरी बढी भन्दा बढी सहयोग प्राप्त गर्ने ।

घ) समूह सदस्यहरुको वाली विषेश जमिन क्षेत्रफल, वाली कटानी रेकर्ड र कूल उत्पादन लागत तयार गरी सरोकारवाला निकायमा वार्षिक रुपमा बुझाउने ।

ङ) ५ वर्ष भित्र समूहलाई सहकारीमा लैजान आवश्यक प्रक्रिया अबलम्बन गर्ने ।

च) समूहको वार्षिक कार्य योजना तयार गर्ने, आम भेलाबाट त्यसलाई अनुमोदन गराई लागू गर्ने र वार्षिक प्रतिवेदन बनाई प्रस्तुत गर्ने ।

## परिच्छेद ५

**१६. पदाधिकारीको काम, कर्तव्य र अधिकार**

**१६.१. अध्यक्ष**

क) साधारण सभा र कार्य समितिको बैठकको अध्यक्षता गर्ने ।

ख) साधारण सभा तथा कार्यसमितिद्धारा पारित गरिएका निर्णयहरुको पालना गर्ने गराउने ।

ग) समूहद्धारा सञ्चालित सम्पूर्ण कार्यको रेखदेख गर्ने ।

घ) निर्णयको क्रममा मत बराबरी भएको बेला आफ्नो निर्णायक मत दिने ।

ङ) समूहको सम्पत्तिको सुरक्षा गर्ने ।

च) समूहको उन्नती,प्रगतिको लागि सक्षम तथा गतिशिल नेतृत्व प्रदान गर्ने ।

छ) सचिवलाई बैठक बसाल्न निर्देशन दिने ।

**१६.२ उपाध्यक्ष**

क) अध्यक्षको सहायक भई कार्य गर्ने ।

ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्य गर्ने ।

**१६.३ सचिव**

क) अध्यक्षको सामान्य निर्देशनमा रही साधारण सभा तथा कार्य समितिको निर्णयलाई कार्यन्वयन गर्ने ।

ख) कार्य समितिको बैठक अध्यक्षको स्वीकृति लिई बोलाउने ।

ग) बैठकमा अध्यक्षको परामर्शले कार्य सूचि तयार गरी बैठकमा पेश गर्ने ।

घ) सामान्य कार्यालय संचालन र नियन्त्रण सचिवले गर्नेछ ।

ङ) समूहको सम्पूर्ण कागजात माइनुटिङ्ग, किताबको संरक्षण गर्ने (दुरुष्त राख्ने) ।

च) बैठकमा प्रस्तावहरु, सरसल्लाह भएको निर्णय लेखी दस्तखत गराई माइनुट बन्द गर्ने ।

छ) सम्बन्धित निकायहरुसंग पत्राचार गर्ने, निर्णयको प्रतिलिपि गुल्मीदरबार गाउँपालिका कृषि शाखाको कार्यालय गुल्मीमा ३ दिन भित्र पठाउने ।

**१६.४ सह-सचिव**

क) सचिवलाई सहयोग गर्ने ।

ख) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

**१६.५ कोषाध्यक्ष**

क) समूहको वचत कोषको सम्पूर्ण जिम्मेवारी हुनेछ ।

ख) चाहिएको समयमा बचत रकम समूहलाई उपलब्ध गराउनु पर्ने छ ।

ग) समूहको आम्दानी-खर्चको सम्पूर्ण हरहिसाब दुरुस्त राख्नु पर्ने छ ।

घ) साधारण सभामा समूहको वित्तिय (आर्थिक) प्रतिवेदन पेश गर्ने तथा आर्थिक योजना प्रस्तुत गर्ने ।

ङ) अध्यक्षको स्विकृतिमा रु ..................।– सम्म आस्मिक खर्च गर्न सक्नेछ तर अर्को कार्य समितिको वैठकमा सो को विल भरपाई अनिवार्य पेश गरेको हुनु पर्नेछ ।

च) समूहको कोष बढाउन सकृय हुनु पर्ने ।

छ) समूहको आम्दानी तथा खर्चको लेखा परिक्षण गराउने ।

**१६.६ सदस्य**

क) सचिवले कार्य समितिको निर्णय अनुसार कार्य विभाजन गरी निजलाई दिए बमोजिमको कामको कार्यान्वयन रेखदेख नियन्त्रण सम्बन्धित सदस्यले गर्ने छ । तर सचिव तथा अध्यक्ष प्रति निजको कार्यकाल सम्म जवाफ देही हुनुपर्नेछ ।

ख) कार्य समितिको बैठकमा प्रस्तुत एजेण्डामा छलफल गर्ने, निर्णय दिने, मत दिने ।

ग) कार्य समितिले दिएको/लगाएको कार्य गर्ने ।

## परिच्छेद ६

## आर्थिक व्यवस्था तथा परिचालन

**१७. आर्थिक श्रोत**

क) यस समूहको सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क ।

ख) समूहको आम्दानीका लागि गरिएका सामाजिक क्रियाकलापबाट भएको आम्दानी ।

ग) अन्य संघ संस्थाबाट प्राप्त सहयोग रकम वा जिन्सी ।

घ) समूहले अन्य संघ संस्थाबाट पाएको अवसरबाट व्यक्तिले पाउने पारीश्रमिकको २० प्रतिशत रकम

छ) पालिकाले दिएको अनुदान रकम

## १८. लेखा परिक्षण

वर्षमा १ पटक लेखा परीक्षण गराउनु पर्नेछ । आय व्ययको जाँच कोषाध्यक्षले गर्नु पर्ने छ र सो को प्रतिलिपी साधारण सभामा पेश गर्नु पर्ने छ । हरेक आर्थिक वर्ष श्रावण १ गते देखी आषाढ मसान्त सम्मको हुनेछ ।

## परिच्छेद ७

## १९. निर्वाचन सम्बन्धि व्यवस्था

यस समूहको कार्य समिति कायम रहेको अवस्थामा सोही कार्य समितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सदस्यहरुको बैठकले निर्वाचन अधिकृत सहित वढीमा ३ सदस्यीय निर्वाचन समिति गठन गर्नेछ । सो निर्वाचन समिति गठन भएको मितिले १ महिना भित्रमा निर्वाचन गराइसक्नु पर्ने छ । सो निर्वाचनमा लाग्ने खर्च समूहबाट व्यवस्था गरिने छ । यसमा कार्य समितिको पदाधिरीहरुलाई गोप्य मतदानद्वारा साधारण सभाको सदस्यहरुले छान्ने छन् । निर्वाचनको नतिजा प्रकाशन गरेपछि निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

## २०. पदावधी

क) कार्य समितिका पदाधिकारीहरुको पदावधी निर्वाचित भएको मितिले २ वर्षको हुनेछ ।

ख) सो कार्य समितिको पदावधी समाप्त हुन १ महिना अगावै समूहको साधारण सभा बोलाई नयाँ कार्य समितिको चुनाव गराउनु अनिवार्य छ, ।

ग) कार्य समितिले विधानमा उल्लेखित आफ्नो कार्यकाल समाप्त हुन १ महिना अगावै, निर्वाचन गराउन नसकेको अवस्थामा सो समितिले आफ्नो समितिको वैठक बोलाई एउटा तदर्थ (प्रबन्ध वा तयारी) समिति खडा गरी सो तदर्थ समिति द्धारा साधारण सभाको बैठक बोलाई नयाँ कार्य समिति गठन गर्नेछ

घ) कार्य समितिको पदावधि समाप्त हुनु अगावै कार्यरत समिति कुनै किसिमबाट भंग हुन गएमा भंग भएको कार्य समितिले आफ्नो जिम्मा रहेको कागजपत्र नगद जिन्सी कार्यभार समेत साधारण सभा बोलाई नयाँ कार्य समिति गठन गरी सोलाई बुझाई सो को भरपाई लिनु पर्नेछ । सो नगरेमा उक्त समूहलाई हानी नोक्सानी भएमा सो कार्य समितिका अध्यक्ष र सचिवले संयुक्त रुपमा व्यहोर्नु पर्नेछ ।

## २१. उम्मेदवारको अयोग्यताः

क) कृषि पेशामा संलग्न नभएको व्यक्ति ।

ख) कृषक समूहमा संलग्न नभएको व्यक्ति ।

ग) समूहको उद्देश्य विपरित कार्य गरेमा ।
घ) मानसिक अवस्था सामान्य नभएको ।
ङ) फौजदारी अभियोगमा सजाय पाएको व्यक्ति ।

**२२. अविश्वासको प्रस्तावः**

साधारण सभाको सदस्यहरु मध्येबाट एक तिहाइ सदस्यहरुले कार्य समिति उपर अविश्वासको प्रस्ताव ल्याई दुई तिहाइ सदस्यहरुबाट प्रस्ताव पारीत भएमा कार्य समिति विघटन हुनेछ तर अविश्वासको प्रस्ताव आएमा सफाइको मौकाबाट बंचित गरिने छैन ।

**२३. राजीनामा**

यस समूहको अध्यक्षले उपाध्यक्ष समक्ष वा सचिव समक्ष र अध्यक्ष बाहेक अन्य कार्य समितिका पदाधिकारीहरु तथा सदस्यको राजिनामाको हकमा अध्यक्ष समक्ष पेश गर्नु पर्ने छ । कार्य समितिको बैठकबाट स्वीकृत नभए सम्म तिनीहरु आफ्नो पदमा रहि रहने छन् ।

**२४. विधान संसोधन**

समूहको विधान संशोधन गर्न आवश्यक पर्न आएमा साधारण सदस्यहरु मध्येका कम्तिमा ५१ प्रतिशत सदस्यको उपस्थितिमा विधान मस्यौदा पेश गरिने छ । सदस्यहरु मध्ये उपस्थित सदस्यहरुबाट दुई तिहाई बहुमतले विधान संशोधन मस्यौदा पारित गरेमा विधान संशोधन गरिने छ ।

**२५. नियम बनाउने**
साधारण सभाले अतिरिक्त कार्यक्रम सञ्चालन नियमहरु बनाउन सक्नेछ ।

**२६. उप-समितिहरु गठन**
साधारण सभाले एवं कार्य समितिले साधारण सभाको स्वीकृति लिई आफ्नो कार्यक्रहरु संचालन गरी समूहको लक्ष्य र उद्देश्य प्राप्त गर्न उप-समिति गठन गर्न/बनाउन सक्नेछ ।

**२७. समूहको विघटन**

क) समूहको विधान बमोजिम कार्य संचालन गर्न नसकी वा उद्देश्य प्राप्त गर्न नसकी वा उद्देश्य प्राप्त गर्न असफल भए समूह विघटन हुनेछ ।

ख) समूह विघटन भएमा समूहले तिर्नुपर्ने रकम समूहको रकम वा पदाधिकारीबाट असुल गरी बाँकी सम्पत्ती गुल्मीदरबार गाउँपालिकाको हुनेछ ।

**२८. अवसर**

समूहले कुनै पनि संघ संस्था, कार्यालयबाट पाएको कुनै पनि अवसर सामाग्रीहरु आवश्यकता हेरी समूहको बैठकबाट निर्णय गराई पालो-पालो गरी सबै समूह सदस्यहरुले उपयोग गर्न पाउने गरी संरक्षण गरिने छ ।

**२९. समूहको बैठक**

क) समूहको नियमित वैठक हरेक महिनाको ..... गते दिनको ....... बजे हुनेछ । तर विशेष अवस्थामा जुन सुकै समयमा बैठक बोलाउन सकिनेछ ।

ख) पूर्व निश्चित बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भएमा सो को जानकारी कारण सहित पहिले नै दिनुपर्नेछ । अन्यथा तोकिएको समय भन्दा ...... मिनेट भन्दा ढिलो गरी आउने सदस्यलाई प्रत्येक पटक रु. .....।– र बैठकमै नआउने सदस्यलाई प्रति पटक रु. ......।– जरिवाना लाग्ने छ ।

ग) लगातार ३ बैठकहरुमा उपस्थित नहुने सदस्यलाई समूह सहमतिको आधारमा कृषक समूहको सदस्यबाट हटाइने वा कारवाही गरीने छ ।

घ) समूह बैठकमा ६० प्रतिशत प्रस्ताव तथा निर्णयहरु व्यवसायिक कृषि विषयका सम्बन्धमा गरिने छ ।

**३०. कार्य समितिः**

हामी श्री ......................................... उत्पादन कृषक समूह गुल्मीदरबार गाउँपालिका वडा नं. ... ..............., गुल्मीका निम्न पदाधिकारीहरू विधान बमोजिम कार्य गर्न मञ्जुर भई विधानमा सहिछाप गर्दछौं ।

| क्र.सं. | पद | नाम थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | उपाध्यक्ष | | | |
| ३ | सचिव | | | |
| | सह सचिव | | | |
| ४ | कोषाध्यक्ष | | | |
| ५ | सदस्य | | | |
| ६ | सदस्य | | | |
| ७ | सदस्य | | | |
| ८ | सदस्य | | | |
| ९ | सदस्य | | | |
| १० | सदस्य | | | |
| ११ | सदस्य | | | |
| १२ | सदस्य | | | |
| १३ | सदस्य | | | |
| १४ | सदस्य | | | |
| १५ | सदस्य | | | |
| १६ | सदस्य | | | |
| १७ | सदस्य | | | |
| १८ | सदस्य | | | |
| १९ | सदस्य | | | |
| २० | सदस्य | | | |
| २१ | सदस्य | | | |
| २२ | सदस्य | | | |
| २३ | सदस्य | | | |

| | | | | |
|---|---|---|---|---|
| २४ | सदस्य | | | |
| २५ | सदस्य | | | |

**समूह सदस्य विवरणः महिलाः ........, पुरुषः ..........., जम्माः ......**

**सल्लाहकार सदस्यहरुः**

| नाम थर | ठेगाना | दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

## अनूसूची १

## कृषक समूह सदस्यहरुको बैयक्तिक विवरण

| क्र.सं. | नाम थर | ठेगाना | पद | उमेर (वर्ष) | शैक्षिक योग्यता | खेतीयोग्य जग्गा (विगाहा) | संपर्क नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# अनूसूची २
## कृषक समूह
## सदस्यता दरखास्त फाराम

श्री मान अध्यक्ष ज्यू,
श्री.......................उत्पादन कृषक समूह गुल्मीदरबार गाउँपालिका वडा नं................. ,गुल्मी ।

विषयः सदस्यता पाउँ ।

महोदय,

म यस समूहको विधानलाई स्वीकार गरी समूहको सदस्यता प्राप्त गर्न इच्छुक भएकोले नियम अनुसार सदस्यता प्रदान गर्नुहुन विनम्र अनुरोध छ ।

नामः

बाबुको नामः

ठेगानाः

शैक्षिक योग्यताः

कृषि पेशामा सहभागीः

खेती गरीने जग्गाको विवरणः

लगाउने गरेको वालीहरुः

समूहको सदस्यहरुको सिफारिसः

१ नामः दस्तखतः

२ नामः दस्तखतः

निवेदकः
नामः दस्तखतः

मितिः २०७../.../...

## अनूसूची ३
## समूहको छाप

.................................. समूहको छाप देहाय बमोजिमको हुनेछ ।
(छापमा राखिएका संकेतहरुको विवरण उल्लेख गर्ने)

# अनूसूची ४
## वार्षिक कार्य योजना

**समूहको नामः**

**ठेगानाः**

**आ.व.:**

| क्र. सं. | क्रियाकलाप | इकाई | लाग्ने अनुमानित बजेट रु. | लागत व्यहोर्ने निकाय र रकम रु. | | | समय | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उपभोक्ता | गाउँपालिका | अन्य | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**समूह दर्ता गर्दा चाहिने आवश्यक कागजातः**

- समूह गठन गर्न बसेको साधारण भेला र पदाधिकारी चयनको निर्णय प्रतिलिपी –१ प्रति
- समूहका सदस्यहरुको व्यक्तिगत विवरण र नागरिकताको प्रतिलिपि ति
- समूहको वार्षिक कार्ययोजना –१ प्रति
- समूहका पदाधिकारी (पद र नाम तोकेर) लाई समूह दर्ता गर्न सरोकारवाला निकायमा गई आवश्यक प्रकृया पुरा गर्न जिम्मा दिइएको निर्णय –१ प्रति

**साथमा हुन पर्ने अन्य कागजातहरुः**

- समूहको टाइप गरी समूह सदस्यहरुले प्रमाणित गरेको विधान २ थान
- समूह अध्यक्षको नागरिकता प्रमाण पत्र प्रतिलिपी– १ प्रति र अटो साइजको फोटो –२ प्रति
- वडा कार्यालयको सिफारिस –१ थान
- कागजात राखेर ल्याउन सादा फाइल –१ थान
- समूह दर्ता गरी पाउँ भन्ने व्यहोराको निवेदन ।